# सर्वोच्च अदालत

प्रधान न्यायाधीशको निजी सचिवालय

रामशाहपथ, काठमाडौं


सर्वोच्च अदालत
प्रधान न्यायाधीशको
निजी-सचिवालय

## प्रेस विज्ञप्ती

देश सञ्चार अनलाइन मिडियामा "प्रधानन्यायाधीश राउतको ट्विटर (एक्स) अकाउन्टबाट असान्दर्भिक पोस्ट, ह्याक भएको आशंका" शीर्षकमा प्रकाशित समाचार र सो समाचारमा संलग्न ट्विटर अकाउन्ट एवं सोमा लेखिएको व्यहोराप्रति यस सचिवालयको गम्भीर ध्यानाकर्षण भएको छ। सम्माननीय प्रधान न्यायाधीशज्यूको ट्विटर (एक्स) अकाउन्ट नभएको व्यहोरा अनुरोध छ। सम्माननीय प्रधान न्यायाधीशज्यूको ट्विटर अकाउन्ट नभएकोले सम्माननीय प्रधान न्यायाधीशज्यूको फोटो प्रयोग गरी 'Mr. Prakash Nepal @SupremeCourtNP' भन्ने Fake Account सिर्जना गरी उक्त ट्विटर अकाउन्टबाट हुँदै नभएको, कपोकल्पित र भ्रमात्मक विषयवस्तु tweet एवं शेयर गरी सर्वोच्च अदालतको गरीमा र मर्यादा घटाउने तथा सम्माननीय प्रधान न्यायाधीशज्यूको व्यक्तित्वमा क्षयीकरण गराई न्यायपालिकाप्रति भ्रम सिर्जना गर्ने दुष्प्रयास गरेकोले सो ट्विटमा उल्लेख भएको झुठ्ठो व्यहोरा प्रति विश्वास नगर्न सर्वसाधारण सबैमा अनुरोध गरिएको छ। यसप्रकारको गलत एवं भ्रमात्मक सामग्री तत्काल हटाउन तथा सो सामग्री tweet गर्ने व्यक्तिलाई शिघ्र कानूनी दायरामा ल्याउन अनुसन्धान गर्ने निकायलाई आवश्यक निर्देशन दिइसकिएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि अनुरोध छ।

नवीन कुमार यादव
**उपरजिस्ट्रार**

मितिः २०८१।११।११


सम्पर्क नं.: +९७७-१-४२००७००, +९७७-१-४२००७४५, +९७७-१-४२००७०८
पोष्ट बक्स नं.: २०४३८, ईमेलः cjs@supremecourt.gov.np, cjnsecretariat@gmail.com
वेबसाइटः www.supremecourt.gov.np